आज मिति २०७६ साल चैत्र महिनाको ०९ गतेका दिन यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्युको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथी छलफल गरी निम्ना अनुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| | श्री ओमा शाही | उपाध्यक्ष | |
| | श्री द्वारीका प्रसाद बुढा | सदस्य | |
| | श्री कर्णे कामी | सदस्य | |
| | श्री मन बहादुर शाही | सदस्य | |
| | श्री सृजना बस्नेत | सदस्य | |
| | श्री अजबिर सिंह | सदस्य | |
| | श्री तिले महतारा | सदस्य | |
| | श्री बशन्त शाही | सदस्य | |
| | श्री लालभक्त सिंह | सदस्य | |
| | श्री शशिराम गौतम | सदस्य | |
| | श्री ममिता पुन | सदस्य | |
| | श्री शिला सार्की | सदस्य | |
| | श्री सुन्दरी सार्की | सदस्य | |
| | श्री धनविर कामी | सदस्य | |
| | श्री ऐन बहादुर परियार | सदस्य | |
| | श्री देउमा बुढा | सदस्य | |
| | श्री गोबिन्द बहादुर सिंह | सदस्य सचिव | |

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

*बारेकोट गाउँपालिका, गाउँकार्यपालकाको बैठक*
*२०७६ चैत्र ०९*
*गते*

**निर्णयहरु**
यस बारेकोट गाउँपालिका, गाउँकार्यपालिकाको बसेको बैठकबाट तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

१. कर्णाली प्रदेश सरकार अन्र्तगत मूख्यमन्त्री रोजगार कार्यक्रम संचालनका लागि तपसिल अनुसारका योजनाहरु छनौट गरी कार्यान्वयनका गर्न सिफनरीस गने निर्णय गरियो ।

तपसिल
- वडा नं. ६ र ७ जोड्ने सडक निर्माण : रु. ४० लाख ।
- विद्यालय फिल्ड निर्माण : रु. ४० लाख ।

२. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण देश तथा विदेशको जनजीवन प्रभावित भैरहेको अवस्थामा यस बारेकोट गाउँपालिका भित्र अर्को सूचना जारी नभएसम्म मान्छेहरुको सार्वजनिक भेला हुने स्थानीय मेला, पर्व, जात्रा, विद्यालय तथा संघ संस्थाहरुको वार्षिक उत्सव, जन्मदिन, राजनीतिक सभा, र्‍याली, जुलुस जस्ता कार्यहरु नगर्न तथा नगराउन सार्वजनिक सूचना गर्ने तथा कोरोना भाइरस बारे जनचेतना प्रवाह गर्नका लागि नेपाल प्रहरीको सहयोगमा यसपालिका भित्रका सार्वजनिक स्थानहरुमा पुगी माइकिङ गर्ने निर्णय गरियो । साथै कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाई ध्यान दिँदै यस गाउँपालिका, अन्तर्गतका वडा कार्यालयहरु, शाखा तथा इकाईहरुबाट अत्यावश्यक सेवा बाहेकका अन्य सेवाहरु मिति २०७६ चैत्र १० देखि २१ गतेसम्मका लागि बन्द गर्ने तथा तपशिलका स्थानमा हेल्थ डेस्क स्थापना गरी बारेकाट गाउँपालिका भन्दा बाहिरबाट आउने सर्वसाधारणहरुको स्वास्थ्य चेकजाँच गर्ने निर्णय गरियो ।

तपसिल
१) भगवती आधारभूत विद्यालय, बारेकोट गाउँपालिका वडा नं. ८ लैखम ।
२) बारेकोट गाउँपालिका वडा नं. १ दोबाटो ।

३. यस गाउँपालिका अर्न्तगत विभिन्न बिद्यालयहरु द्वारा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम गर्न इच्छुक सार्वजनिक तपसिलका बिद्यालयड़ द्वारा सम्बन्धित कार्यालयमा सिफारीसका लागि गाउपालिकामा प्रस्तावना पेश भई आएका हुदा उक्त कार्यक्रम स्विकृत गरी कार्यक्रम संचालन तथा कार्यान्वयनमा सहयोग गरिदिन अनुरोधका साथ शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा विकास तथा समन्वय इकाइमा सिफारीस गर्ने निर्णय गरीयो ।

*बारेकोट गाउँपालिका, गाउँकार्यपालकाको बैठक*
*२०७६ चैत्र ०९*
*गते*

तपसिल

१ श्री कालिका आदर्श माध्यामिक बिद्यालय, बारेकोट १, रामिडाँडा, जाजरकोट ।
२ श्री दिपेन्द्र माध्यामिक बिद्यालय, बारेकोट ३, मुल्साम, जाजरकोट ।
३ श्री सरस्वती माध्यामिक बिद्यालय, बारेकोट ५, सिसिंगिचौर, जाजरकोट ।
४ श्री सीता माध्यामिक बिद्यालय, बारेकोट ६, कार्किज्यूला, जाजरकोट ।
५ श्री भगवती आधारभूत बिद्यालय, बारेकोट ८, लैखम, जाजरकोट ।
६ श्री शंकर आधारभूत बिद्यालय, बारेकोट ८, बण्डाला, जाजरकोट ।
७ श्री हिमालय आधारभूत बिद्यालय, बारेकोट ४, गोठगाँउ, जाजरकोट ।
८ श्री विश्व आधारभूत बिद्यालय, बारेकोट ८, लैखम, जाजरकोट ।
९ श्री कृष्ण प्राथामिक  बिद्यालय, बारेकाट ८, छुतिपाल्ती, जाजरकोट ।
१० श्री गोरख प्राथामिकि बिद्यालय बारेकोट ४, ठकुरीजिरी, जाजरकोट ।

४. वनस्पति विभागको जडिबुटि पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि यस गाउँपालिका भित्र रहेका कृषि सहकारी, कृषक समूह तथा वन उपभोक्ता समितिहरु मध्येबाट रामीडाँडा सफल फलफूल तथा पशुपालन कृषि सहकारी संस्थालाई छनोट गर्ने निर्णय गरियो ।

५. वनस्पति विभागको जडिबुट्टि पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि यस गाउँपालिकाबाट छनोट भएको ~~रामीडाँडा सफल फलफूल तथा पशुपालन~~ [illegible] महिला कृषि तथा पशुपालन कृषि सहकारी संस्था र वनस्पति विभागबीच सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

६. यस गाउँपालिकाको सभाहल तथा भवन निर्माण गर्ने जिम्मा लिएको निशान निर्माण सेवा बारेकोट -५, जाजरकोटले मिति २०७६।११।२६ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७५।०५।२५ मा सम्झौता भएको र २०७६।०७।२१ मै विस्तृत डिजाइन स्टमेट अनुसार कार्यसम्पन्न भई गाउँपालिकाको दैनिक प्रशासकीय कामकाजको प्रयोजनमा आइसकेको हुँदा सार्वजनिक खरिद ऐन र नियमावली र ठेक्का सम्झौता अनुसार निशान निर्माण सेवा, बारेकोट -५, जाजरकोटलाई आवश्यक बजेटको व्यवस्था गरी प्रोत्साहन बोनस रकम उपलब्ध गराउने निर्णय गरियो ।